# मदन पुरस्कार पुस्तकालयका सामग्री : अनुसन्धानका सम्भावना

साजन सुवेदी

## पृष्ठभूमि

मदन पुरस्कार पुस्तकालय (मपुपु) स्थापना भएको ५० वर्ष पुगिसकेको छ। पुस्तकालयका रूपमा २०१२ मा सुरु भएको यो संस्थाले अहिले पुस्तकालय र अभिलेखालय दुवैको काम गरिरहेको छ। यो आम पाठकले सोचे जस्तो सार्वजनिक पुस्तकालयका रूपमा नभई शोध पुस्तकालयका रूपमा स्थापित भएको छ। मपुपुको अवधारणा, उद्देश्य र कामबारे धेरै पाठकलाई भ्रम परेको वा प्रस्ट नभएको जस्तो देखिन्छ। खास गरी यो कस्तो खालको पुस्तकालय हो, कसरी सञ्चालन हुन्छ र के सेवा प्रदान गर्छ भन्ने जिज्ञासा छ। यसै गरी यसको अभिलेखालयको अभ्यासबाट आम पाठकले कसरी फाइदा उठाउन सक्छन् र यसको काम, कर्तव्य र क्षेत्र के हो भन्ने प्रश्न पनि उठ्ने गरेका छन्। यी जिज्ञासा र प्रश्न जायज छन्। यी दुई पृथक अवधारणा, काम, प्रक्रिया र उद्देश्यका बीचमा मपुपुले आफूलाई प्रस्टयाउन जरुरी छ। यसको उपादेयता, महत्त्व र यसबाट पाठक, अध्ययनकर्ता तथा अनुसन्धानकर्ताहरूले यसबाट उठाउन सक्ने फाइदाबारे जानकारी राख्न जरुरी छ। निजी, सरकारी वा सामुदायिक रूपमा प्रकाशित विभिन्न प्रकारका सामग्रीहरूलाई यथासम्भव

सङ्कलन, सङ्ग्रह र संरक्षण गरेर राखिएको यो पुस्तकालयमा नेपाली भाषामा प्रकाशित सामग्रीहरूको बाहुल्य छ (हेर्नुहोस् तालिका १) ।

मपुपुले नेपाली भाषामा प्रकाशित र नेपाली साहित्यसँग सम्बन्धित सामग्रीहरू मात्र सङ्ग्रह गर्छ भन्ने छाप धेरैलाई परेको छ । तर यो सत्य होइन । ठूलो हिस्सा नेपाली भाषा र साहित्यिक क्षेत्रसँग सम्बन्धित रहे पनि यहाँ कानुन, विज्ञान, आयुर्वेद, इतिहास, भूगोल, नेपाली संस्कृति, राजनीति, कृषि, आर्थिक, शैक्षिक, धार्मिक विषयवस्तुसँग सम्बन्धित पुस्तकहरू समेत सङ्गृहित छन् । यसबाहेक अन्य सामग्री पनि छन् जसले नेपाली साहित्यको मात्र प्रतिनिधित्व गर्दैनन् बरु साहित्यबाहेकका विषयबारे पनि नेपाली समाजको अध्ययन गर्न सघाउँछन् ।

मपुपुमा विशेष गरी काठमाडौँ केन्द्रित प्रकाशनको चाप अत्यधिक छ । तर काठमाडौँ र नेपालबाहिर (भारतका दार्जिलिङ, आसाम, बनारस, कलकत्ता, कालिम्पोङ, लखनऊ र भुटान, बर्मालगायत अन्य मुलुक तथा क्षेत्रहरू) का पत्रपत्रिका, पुस्तक तथा इफिमेरा पनि उल्लेख्य रूपमा सङ्कलित छन् । सङ्कलनलाई अझ बृहत्तर बनाउन वाल-पेन्टिङ, ब्यानर जस्ता नयाँ सामग्रीको सङ्कलन तथा संरक्षण पनि भर्खर सुरु गरिएको छ । यो विशेषतः काठमाडौँ केन्द्रित छ ।

**तालिका १ : मपुपुमा संरक्षित सामग्रीको विवरण**

| क.सं. | सामग्री | सङ्ख्या |
|---|---|---|
| १. | पुस्तक | २७,००० |
| २. | पत्रपत्रिका (शीर्षक) | ५,१०० |
| ३. | तस्बिर (पुराना) | १५,००० |
| ४. | तस्बिर (नयाँ) | ३५,००० |
| ५. | पर्चा, पम्प्लेट आदि 'इफिमेरा' | १२,००० |
| ६. | श्रव्यदृश्य सामग्री | ७०० |
| ७. | हस्तलिखित | ७०० |

पुस्तक तथा पत्रपत्रिकाबाहेक गैर-पुस्तक सामग्री (non-book materials) को सङ्ग्रह र संरक्षणमा पनि मपुपु सक्रिय छ । निजी वा सामुदायिक क्षेत्र (गैरसरकारी) बाट निस्केका वा उत्पादन भएका सामग्रीहरूको सङ्ग्रह र संरक्षण गर्ने र तिनलाई अध्ययन-अनुसन्धानका लागि उचित प्रबन्ध गर्ने छुट्टै संस्था छैन । त्यसैले यस्तो कामले निरन्तरता पाउन जरुरी त छ नै साथै यसको उपयोग र पहुँचलाई पनि बढाउँदै जान जरुरी छ । पाठकीय मागलाई ध्यान दिँदै महत्त्वपूर्ण सामग्रीको सङ्कलन गर्नु चुनौतीपूर्ण काम हो । कुन राख्ने कुन नराख्ने वा सङ्कलन र संरक्षण गर्ने वा नगर्ने भन्ने निर्क्योल गर्न सजिलो छैन । यो लेखमा सुरुमा

मपुपुमा भएका पुस्तक र पुस्तक बाहेकका सामग्रीबारे जानकारी दिइएको छ भने त्यसपछि त्यस्ता सामग्रीको सङ्ग्रहबारे गरिएका प्रयास र तिनमाथि पाठकको पहुँचबारे चर्चा छ ।

## पुस्तक

माथि भनिएझैँ यो पुस्तकालयमा साहित्येतर विषयमा चाख राख्ने शोधार्थीहरूका लागि पनि प्रशस्त सामग्रीहरू छन् (हेर्नुहोस तालिका २) । उदाहरणका लागि, सैन्य विज्ञानसँग सम्बन्धित विविध प्रकारका तालिम सामग्रीहरूको प्रकाशन पनि यहाँको सङ्कलनमा छन् ।

**तालिका २ : साहित्यबाहेक अन्य विषयका पुस्तक (केही प्रमुख विषय मात्र)**

| क.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | कानुन | ५०० |
| २. | सैनिक | २०० |
| ३. | इतिहास | १,००० |
| ४. | कोष | १५० |
| ५. | संस्कृति | ५०० |
| ६. | राजनीति | २,००० |
| ७. | भूमि-सुधार | २०० |
| ८. | आर्थिक | ४०० |
| ९. | स्वास्थ्य | ५०० |
| १०. | शिक्षा | ८०० |
| ११. | धार्मिक | २,००० |
| १२. | चिकित्साशास्त्र | १५० |

नेपालको सैन्य इतिहास र विज्ञानको लागि चासो राख्ने शोधार्थीको लागि यो सङ्कलन धेरै नै महत्त्वपूर्ण हुन सक्छ । यसका अतिरिक्त अन्य विषयहरू जस्तैः नेपालको अर्थतन्त्र, भाषा, संस्कृति, कला, कृषि, विविध विषयका सरकारी प्रकाशन, भारतको विशेष गरी कलकत्ताबाट प्रकाशित मिसनरी धार्मिक पुस्तक, बनारसबाट प्रकाशित धार्मिक पुस्तक, दार्जिलिङ, सिक्किम, आसाम, डुबर्स, सिलोङ र सिलगुडी साथै भुटान, बर्मा तथा अन्य मुलुकहरूबाट प्रकाशित भएका सामग्रीहरूको सङ्कलन पनि छ । तर जानकारीको अभावमा सामग्रीहरू त्यतिकै थन्किएर रहेका छन् । नेपालसम्बन्धी कानुन तथा यसको अवस्थाका विषयमा अध्ययन गर्न अनुसन्धानकर्ताको लागि पनि यस पुस्तकालयका सामग्रीहरूले विशेष महत्त्व राख्न सक्छन् । यस पुस्तकालयमा नेपालको पहिलो लिखित ऐन

(जङ्गबहादुरको ऐन) देखि लिएर हालसम्म प्रकाशित भएका प्राय:जसो सबै ऐन-कानुनका किताबहरू छन् । नेपाल सरकार (पहिले नेपाल सरकार, २०१३-२०६३ सम्म श्री ५ को सरकार र २०६३ पछि पुन: नेपाल सरकार) बाट प्रकाशित *नेपाल गजेट* (पछि *नेपाल राजपत्र*) को सुरुदेखिका अङ्कहरू छन् ।

यस्तै पुस्तकालयमा रहेका विविध शब्दकोशहरूमध्ये केही साह्रै पुराना र ऐतिहासिक महत्त्व बोकेका छन् । नेपाली शब्द र शब्दकोशको विषयमा चासो राख्नेहरूका लागि यो सङ्कलन महत्त्वपूर्ण हुने कुरामा दुईमत नहोला ।

## पुस्तक बाहेकका सामग्री

पुस्तकालयमा सङ्कलित गैर-पुस्तक सामग्रीअन्तर्गत, तस्बिर, इफिमेरा, हस्तलिखित सामग्री र श्रव्यदृश्य सामग्री छन् । मपुपुको सङ्कलनमा रहेका तस्बिरहरूले नेपाली इतिहास, संस्कृति, कला, राजनीति, र परम्परासम्बन्धी विभिन्न तथ्यहरूलाई बचाएर राख्न मद्दत पुगेको छ । महत्त्वपूर्ण राजनीतिक घटनाहरू, चाडपर्व र जनजीवनसँग सम्बन्धित घटनाहरूको तस्बिर सङ्कलनको कार्यलाई पुस्तकालयले अद्यापि निरन्तरता दिँदै आएको छ । पछिल्ला दिनहरूमा डिजिटल प्रविधिबाट लिइएको तस्बिरहरूलाई पनि गणनामा राख्ने हो भने तस्बिरको कुल सङ्ख्याले २०,००० नाघेको छ ।

यस संस्थासँग करिब ७०० को हाराहारीमा नयाँ/पुराना श्रव्य-दृश्य सामग्रीहरूको सङ्कलन रहेको छ । पुस्तकालयको आफ्नै कार्यक्रम तथा मदन पुरस्कार वितरणबाट सुरु भएको सङ्कलन बिस्तारै बढ्दै गएको छ । नेपालमा श्रव्य-दृश्य सामग्रीहरूको सङ्कलनमा समर्पित कुनै पनि सार्वजनिक अभिलेखालय नभएको (रेडियो नेपाल, नेपाल टिभी, म्यूजिक नेपाल, मार्टिन चौतारी, इन्सेक र अन्य कार्यालयका आफ्ना अभिलेखालयबाहेक) सन्दर्भमा मदन पुरस्कार पुस्तकालयले सुरु गरेको सङ्कलनको विशेष महत्त्व छ । मपुपुको साप्ताहिक अन्तर्क्रिया कार्यक्रम ‘भाषाका कुरा’ का सम्पूर्ण रेकर्डहरू पनि सुरक्षित छन् । नेपाली भाषा अनुसन्धानमा काम गर्ने शोधार्थीहरूको लागि यी सामग्रीहरू महत्त्वपूर्ण हुन सक्छन् ।

यसबाहेक इफिमेराको सङ्ग्रहले नेपालको धार्मिक, राजनीतिक, सामाजिक, औद्योगिक विकासक्रमलाई केही हदसम्म प्रतिबिम्बित गर्छन् । नेपालमा मात्र होइन संसारभर नै कम सङ्कलित र संरक्षित यस विधाले अध्ययनका लागि नयाँ गोरेटोहरू प्रदान गर्न सक्ने सम्भावना बोकेको छ । यस्तै उत्पादन भएपश्चात तुरुन्त नाश हुन सक्ने प्रकृतिका पर्चा, पम्पलेट, पोस्टर, तालिम सामग्री, निम्ता

कार्ड, पोस्ट कार्ड जस्ता कम महत्त्वका ठानिने सामग्रीले सामाजिक, राजनीतिक, सांस्कृतिक परिवर्तन साथै तत्कालीन समाजलाई नियाल्न सहयोगी छन् ।

## सामग्री सङ्ग्रह (माइक्रोफिल्मिङ) को वर्तमान अवस्था

राजनीतिक दर्शन, इतिहास र यससँग आमपाठक तथा अनुसन्धानकर्ताहरूको गहिरो चाखका कारण २०१५ सालपूर्वका राजनीतिक दस्तावेज तथा पुस्तकहरूलाई माइक्रोफिल्म गर्ने क्रममा प्राथमिकता दिइएको छ । २००८ सालपछि विभिन्न पार्टी र पार्टीका नेताहरूले प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन, वक्तव्य, खण्डन, कार्यक्रम तथा देशका प्रधानमन्त्री वा राजाले विदेश भ्रमणमा जाँदा र विदेशी पाहुनाहरू नेपालमा आउँदा दिएका भाषणहरूको लामो सूची यस पुस्तकालयभित्र सुरक्षित रहेको छ । कतिपय पुस्तक-पुस्तिकाहरू माइक्रोफिल्म पनि भइसकेका छन् । यसको उपयोगितालाई ध्यानमा राख्दै यस पुस्तकालयले यस विषयमा सम्बन्धित प्रायःजसो सबै पुस्तकहरूको माइक्रोफिल्म बनाउने कार्य सम्पन्न गरिसकेको छ । माइक्रोफिल्म भइसकेका कुल ५०० पुस्तकहरूमध्ये निकै थोरै पुस्तकहरू मात्र पाठकीय प्रयोजनका लागि तयार भएका छन् । यिनलाई माइक्रोफिल्म रिडरबाट पढ्न सकिन्छ । वीपी कोइराला, नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी तथा अन्य पुराना पार्टीहरूसँग सम्बन्धित पुस्तक-पुस्तिकाहरूको माइक्रोफिल्म भइसकेकाले अध्ययन सहज बनेको छ। त्यसै गरी मिलिटरी साइन्स र ट्रेनिङ, २००७ सालअघि प्रकाशित मुलुकी ऐन-कानुनका पुस्तकहरू, मदन पुरस्कार प्राप्त पुस्तकहरू, १९३७ देखि १९५० सालसम्मका नेपाली पञ्चाङ्ग पात्रोहरू माइक्रोफिल्म भइसकेका छन् र पाठकीय प्रयोजनका लागि तयार हुने प्रक्रियामा छन् ।

अध्ययनका लागि पुस्तकहरू उपलब्ध भए पनि उक्त पुस्तकहरूको फोटोकपीलाई पूर्ण निषेध गरिएको छ (मपुपुका सामग्री उपयोगको वर्तमान अवस्थाबारे तालिका ३ हेर्नुहोस्) । त्यसैकारणले पुस्तकालयले त्यस्ता सामग्रीहरूलाई उच्च प्राथमिकतामा राखेर माइक्रोफिल्म वा डिजिटल प्रविधिबाट सुरक्षित गर्दै लगेको छ । हरेक वर्ष करिब दुई लाख पेज पत्रपत्रिका माइक्रोफिल्म गर्ने र सम्भव भएसम्म त्यसको डिजिटल प्रति बनाउँदै लग्ने योजनाअनुरूप पुस्तकालयले माइक्रोफिल्मको कामलाई द्रुततर गतिमा अगाडि बढाइरहेको छ । हालसम्म पुस्तकालयमा करिब १० लाख पेज पत्रिकाहरू माइक्रोफिल्म भइसकेको छ भने लगभग तीन लाख पेज पत्रिकाहरू डिजिटल प्रविधिको प्रयोग गरेर सुरक्षित राखिएका छन् । पुस्तकालयमा धेरैजसो माइक्रोफिल्म पत्रपत्रिकाका छन् । पाठकका

लागि पुस्तक पढ्न कुनै समस्या छैन तर 'डिजिटाइजेशन' वा 'माइक्रोफिल्मिङ' भइनसकेका पत्रपत्रिकाहरू अध्ययनका लागि उपलब्ध गराइएको छैन। अनुसन्धानकर्ताको लागि सहज अध्ययनको वातावरण मिलाउन करिब ७०० रीलमा करिव ३५० शीर्षकका पत्रपत्रिकाहरू माइक्रोफिल्म भइसकेका छन्। जसमध्ये २५० शीर्षकका पत्रपत्रिकाहरू अध्ययनका लागि उपलब्ध छन्। अन्य शीर्षकका पत्रपत्रिकाहरूको माइक्रोफिल्म गरिने र माइक्रोफिल्म भइसकेकाको पोजिटिभ कपी बनाउने काम पनि भइरहेको छ।

पत्रिकातर्फ देशकै सबैभन्दा पुरानो अखबार *गोरखापत्र*को पहिलो अङ्क (१९५८) देखि २०४० सम्मको माइक्रोफिल्म (५४ रीलमा) भइसकेको छ र पाठकका लागि उपलब्ध छ। यस्तै *नेपाल राजपत्र* (२००८-२०२३), *हुलाक, रमझम, नयाँ नेपाल* (२०२४-२०४१), *मातृभूमि, सही आवाज, नेपाल टाइम्स, नेपाल पुकार, सोभियत सङ्घको समाचार, राष्ट्रहित, पालुवा, उपन्यास तरङ्गिनी, हुरी, आँधी, हाम्रो देश, पर्वते, समाज, वार्ता, फिलिङ्गो, हिमालचुली, तरुण, राजभक्ति, राष्ट्रवाणी, स्वतन्त्र नेपाली, तर्क लुम्बिनी, सिद्धार्थ नेपाली, नयाँ सन्देश, आवाज, शारदा, कल्पना, हालखबर, श्री सगरमाथा, समीक्षा, प्रगति, नेपाल समाचारपत्र, भारती, उदय, रूपरेखा, गोर्खे खबर कागत, कान्तिपुर, नयाँ समाज, नेपाल दैनिक, नेपाल कानुन पत्रिका, जन्मभूमि, जनादेश, सोभियत भूमि, सैनिक समाचार* जस्ता ४०० शीर्षकका पत्रपत्रिकाहरू माइक्रोफिल्म भइसकेका छन्। तर, यी पत्रपत्रिकाका सबै अङ्कहरू छैनन्। किनभने मपुपुमा पनि सबै अङ्क प्राप्त भएका थिएनन्। यसका साथै जङ्गबहादुरको ऐन र त्यसपछि बनेर लागू गरिएका २००७ सालभन्दा अगाडिका मुलुकी ऐनलगायत अन्य ऐनहरू पनि माइक्रोफिल्म भइसकेका छन्। तर जङ्गबहादुरको ऐन भने प्राविधिक कारणले माइक्रोफिल्म प्रविधिको प्रयोगले सुरक्षित गर्न सकिएको छैन। किनकि ६ इन्चभन्दा मोटा किताबहरू माइक्रोफिल्म गर्न सकिँदैन र यो किताब ९ इन्च मोटो भएकोले यस किताबलाई डिजिटल क्यामराले खिचेर सुरक्षित राखिएको छ। पुस्तकालयमा उपलब्ध सबैभन्दा राम्रो कपीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै माइक्रोफिल्म गरिएको छ। माइक्रोफिल्म वा डिजिटाइजेशन गर्ने क्रममा पुराना, जीर्ण र दुर्लभ सामग्रीहरूलाई प्राथमिकतामा राखिएको छ तथापि कतिपय अवस्थामा आर्थिक वा अन्य कारणले प्राथमिकताक्रम भङ्ग भएको छ। अझै पनि कतिपय पुराना पुस्तक तथा पत्रपत्रिकाहरू संरक्षण हुनबाट छुटिरहेका छन् जसको कारणले यसमाथि पाठकको पहुँचमा समस्या परिरहेको छ र पर्नेछ।

## पुस्तकालयका सामग्रीमाथि पहुँच

मपुपुले गरिआएको कामलाई अझै परिस्कृत र परिमार्जित गर्दै नेपाली राजनीति, साहित्य, इतिहास र सामाजिक अनुसन्धानका लागि आवश्यक सामग्रीलाई प्राथमिकतामा राख्दै आएको छ। यसअन्तर्गत सामग्रीको 'डिजिटाइजेशन' र 'माइक्रोफिल्मिङ' गरेर पुस्तकालयमा वा अनलाइनमार्फत सीधै पढ्न सकिने व्यवस्था मिलाउने प्रयास गरिएको छ। अनलानइनमार्फत सामग्रीहरूको पहुँच बढाउने उद्देश्यअनुरूप करिब ७,००० तस्बिरहरूलाई अनलाइनमा राखिएको छ। नेपाली तस्बिरबारे अध्ययन-अनुसन्धान गर्न चाहनेहरूले यसको उपयोग गर्नसक्ने छन्। यी तस्बिरले राणाकालीन मोनुमेन्टस, दरबारभित्रका पारिवारिक तथा सामाजिक चालचलन, पहिरन र पहिचानहरू तथा राजनीतिक, सामाजिक र सांस्कृतिक गतिविधिहरूको अध्ययन गर्न सघाउने छन्। साथै 'एस्थेटिक' अध्ययन, फोटोग्राफीको इतिहास, प्रविधि विकास र विस्तार, यसको प्रचलन र महत्त्व तथा सामाजिक-सांस्कृतिक परिवर्तनको तुलनात्मक अध्ययन गर्न पनि सहयोगी छ। तस्बिरको यो सङ्ग्रहभित्र मदनमणि दीक्षितको सङ्ग्रहमा रहेका करिब ३,५०० तस्बिरले राणाकालको अन्त्यदेखि २०४६ सालसम्मका सामाजिक, आर्थिक र राजनीतिक परिदृश्य तथा परिवर्तित घटनाहरूलाई समेट्छन्। फोटोग्राफ्स र इफिमेराका लागि अनलाइन हेर्न वा पढ्ने व्यवस्था मिलाइएको छ र मिलाइने छ। करिब १५,००० तस्बिरमध्ये ७,००० तस्बिर हाल अनलाइन (http://www.madanpuraskar.org.digitalmpp) मार्फत सार्वजनिक भइसके पनि 'इफिमेरा' भने आगामी वर्षदेखि मात्र अनलाइनमा उपलब्ध हुनेछ। हस्तलिखित सामग्री भने माइक्रोफिल्म वा डिजिटल कपीको निर्माणपछि मात्र पाठकहरूका लागि उपलब्ध गराउन सकिनेछ। 'अडियो-भिडियो एनलग' प्रविधिमै रहेकाले हाल सजिलैसँग पहुँचमा पुऱ्याउन सकिने अवस्था छैन। पुस्तकहरूको मूल कपीलाई बिस्तारै माइक्रोफिल्म र डिजिटाइजेशन गरिसकेपछि मात्र उपलब्ध गराउने नियमलाई कडाइका साथ लागू गरिनेछ। जस्तैः कुनै पनि पत्रपत्रिका माइक्रोफिल्म वा अन्य प्रविधिको प्रयोगले सुरक्षित नगरी पढ्नका लागि दिने गरिएको छैन। यसका पछाडि पुस्तकालयको कुनै स्वार्थ छैन। न्यून गुणस्तरको कागजमा छापिएका वर्षौं पुराना पत्रपत्रिकाहरू धेरै पाठकले चलाउँदा आइपर्ने समस्याका कारणले यसो गर्नुपरेको हो। नेपाल बाहिरका कतिपय अन्य अभिलेखालयहरूमा पनि यस्तै व्यवस्था छ।

**तालिका ३ : पुस्तकालय उपयोगको वर्तमान व्यवस्था**

| क्र.सं. | सामग्री | पहुँच हुने माध्यम |
|---|---|---|
| १. | पुस्तक | पुस्तकका मुख्य कपी कुनै दुर्लभहरू डिजिटल मात्र |
| २. | पत्रपत्रिका | माइक्रोफिल्म भइसकेर कपी बनेका मात्र, मुख्य कपीमा पहुँच पूर्ण रूपमा निषेधित |
| ३. | पर्चा, पम्फ्लेट (ephemera) | डिजिटल कपी मात्र (हालको लागि पूर्ण रूपमा निषेधित, डिजिटल प्रविधिमा पूर्ण रूपमा सुरक्षित भएपछि मात्र उपलब्ध गराउन सकिने) |
| ४. | तस्बिर | धेरै जसो अनलाइन उपलब्ध छन, डिजिटल प्रविधिवाट सुरक्षित भैसकेका पुस्तकालयमा बसेर हेर्न सकिने, हार्ड कपीमा पहुँच पूर्ण रूपमा निषेधित |
| ५. | श्रव्यदृश्य सामग्री | डिजिटल कपी मात्र (हालको लागि पूर्णरूपमा निषेधित, डिजिटल प्रविधिमा पूर्ण रूपमा सुरक्षित भएपछि मात्र उपलब्ध गराउन सकिने) |
| ६. | हस्तलिखित सामग्री | डिजिटल कपी मात्र (हालको लागि पूर्ण रूपमा निषेधित, डिजिटल प्रविधिमा पूर्ण रूपमा सुरक्षित भएपछि मात्र उपलब्ध गराउन सकिने) |

निकट भविष्यमा नै यस पुस्तकालयले अनलाइन डिजिटल पुस्तकालय सञ्चालन गर्न लागिरहेको छ । यस कामको लागि आवश्यक तयारीहरू पूरा हुने क्रममा छन् र छिट्टै नै नेपालको पहिलो डिजिटल अभिलेखालयको रूपमा यस पुस्तकालयले आफूलाई स्थापित गर्ने आशा गर्न सकिन्छ। अभिलेखालयको सन्दर्भमा तल उल्लिखित भनाइ राख्नु सान्दर्भिक हुन्छ :

> अभिलेखालयको प्रशासन कस्तो हुने भन्ने कुरा त्यहाँ के राखिएको छ भन्ने कुरामा भर पर्दछ। यदि राखिएका सामग्रीहरू बिग्रिसकेको वा बिग्रिन-लागेको अवस्थामा छन् भने अभिलेख संरक्षण गर्ने संस्था वा अधिकारीले पूर्ण रूपमा सुरक्षित नभएसम्मको समयको लागि सो सामग्रीहरू नदिन सक्छन् । यसको विकल्पको रूपमा फोटोकपी, वा माइक्रोफिल्म वा डिजिटल कपी हुन सक्छ जुन अभिलेखालयको अधिकारीले दिन सक्छन्। ...त्यस्ता वैकल्पिक उपायहरू धेरै प्रयोग हुने र निम्न स्तरको कागजमा रहेका वा दुर्लभ तथा नराम्रो अवस्थामा रहेका सामग्रीमा प्रयोग गर्न सकिन्छ। यसरी अभिलेखालयमा कुनै-कुनै सामग्रीको पहुँचमा निषेध गर्नाले केही अध्ययनकर्ताहरूलाई भने अप्ठेरो पर्नसक्छ। यसो हुँदाहुँदै पनि नराम्रो अवस्थामा रहेका सामग्रीहरू बढी मात्रामा अभिलेखालयमा भएमा सम्पूर्ण उपलब्धतालाई रोकेर संरक्षणको कामलाई अघि बढाउनु पर्छ। सबैभन्दा प्रमुख कुरा के हो भने यदि अनुसन्धानकर्ताले प्रयोग गर्दा उक्त सामग्रीको आयु घटेर जान्छ भने उपलब्धतालाई तुरुन्त रोक्नु पर्दछ (बेटिङ्टन र अरू सन् २००८ : २५२, २५७)।

सार्वजनिक पुस्तकालयका रूपमा सामग्रीहरूको अध्ययनलाई प्राथमिकतामा राख्ने वा अभिलेखालयका रूपमा सामग्रीहरूको सङ्कलन, संरक्षण, सम्बर्द्धनपश्चात

मात्र अध्ययनलाई प्राथमिकता दिने भन्ने विषयले नै मपुपु र निश्चित शोध उद्देश्य भएका बाहेकका पाठकको बीच एक किसिमको दूरी बनाइराखेको छ। संसारका अन्य ठाउँका पुस्तकालय तथा अभिलेखालयमा पनि सोही खालको दूरी कायम गरिने कुरा माथि उल्लिखित भनाइबाट पनि स्पष्ट हुन्छ।

मपुपु नेपाली भाषा र साहित्य मात्रको पुस्तकालय/अभिलेखालय होइन। यो नेपाली भाषामा छापिएका सम्पूर्ण कृतिहरूको अभिलेखालय हो। अभिलेखालय तथा शोध पुस्तकालयको रूपमा काम गर्दा यसका कठिनाइ पनि छन्। यिनै कारणले पाठकले सार्वजनिक पुस्तकालयको जस्तो वातावरण महसुस नगर्न सक्छन्।

धन्यवाद

यो लेख तयारीका क्रममा विभिन्न मस्यौदामा सुझाव दिनु हुने मपुपुका दीपक अर्याल तथा मार्टिन चौतारीका शेखर पराजुली, प्रत्यूष वन्त र कोमल भट्टलाई धन्यवाद छ। अध्ययन सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने मपुपुका निर्देशक अमर गुरुङप्रति पनि आभारी छु।

## सन्दर्भ सामग्री

Bettington, J., K. Eberhard, L. Rowena and C. Smith, eds. 2008. *Keeping Archives.* Australia: Australian Society of Archivists, Inc.



## चौतारी पुस्तक शृङ्खला- ३८

जाति, लिङ्ग, धर्म, संस्कृति, भाषा इत्यादिका हिसाबले नेपाली समाजमा विविधता भेटिन्छ। तर नेपाली मिडियाका समाचार कक्षमा महिला, जनजाति, दलित र मधेसीको उपस्थिति उनीहरूको जनसङ्ख्याको अनुपातमा झिनो छ। पत्रकारितामा यी विभिन्न समुदायबाट जे जति संलग्न भएका छन् तिनले पनि विभिन्नखाले भेदभाव व्यहोर्नुपरेको गुनासो सुन्न पाइन्छ। नेपाली समाजमा विद्यमान बहुल विशेषता मिडिया जगत्मा पनि हुनु पर्छ भन्ने आशयका लेखहरूको सँगालो हो यो पुस्तक– ***समावेशी मिडिया***।

यस पुस्तकमा मिडियामा महिला, जनजाति, दलित र मधेसी पत्रकारको सहभागिताका विभिन्न पक्षबारे लेखाजोखा गरिएका एघार ओटा लेखहरू छन्। त्यसबाहेक नेपाली मिडियामा समावेशीकरणको बहस अगाडि बढाउने खाका सहितको परिचयात्मक लेख र थोरै उपस्थित समुदायका प्रतिनिधिहरू बढाउनेबारे सुझावहरूको सँगालो तथा सन्दर्भ सामग्री पनि यस पुस्तकमा परेका छन्। मिडिया जगत्लाई समावेशी बनाउन किन आवश्यक छ र त्यसका चुनौती र प्रक्रिया के के हुन् भन्नेबारेको बहसलाई खँदिलो र प्रभावकारी बनाउन यो पुस्तकले सघाउँछ। सामाजिक अभियन्ता, सञ्चारकर्मी, पत्रकार, विद्यार्थीलगायत नेपाली सञ्चार जगतसँग सम्बद्ध सबैका लागि यो पुस्तक उपयोगी छ।